# वार्षिक परीक्षा - 2018-19

**पूर्णाङ्क : 80**

**कक्षा - दस** **समय : 3 घण्टा**

**विषय - नेपाली**

## खण्ड – एक (पढ़ाइ कौशलको बोध)

**1. अ) निम्न परिच्छेद पढ़ेर सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् -**

लोकनृत्य वस्तुत: प्राकृतिक नृत्य हो। जीवनमा जहाँ भावुकताको क्षण आउँछ, त्यही त्यसको अनुकूल कुनै न कुनै प्रकारको नृत्यको रूपमा प्रकट हुन्छ। यस्ता नृत्यहरूमा कला त सम्भवत: हुन्छ नै तर कलात्मक हुनुको चैतन्य भने हुँदैन। लोकनृत्यमा व्यक्ति उन्मुक्त रूपले झुम्छ। प्रत्येक ठाउँको लोकनृत्यले त्यहाँको रीति-रिवाज अनि आचरण दर्शाउँछ। एक प्रकारको हाम्रो लोक नृत्य सामाजिक सम्बन्धको नृत्यमय इतिहास हो। त्यसै इतिहासमा हाम्रा पिँढ़ीहरूको मानवीय सम्बन्ध, विश्वास अनि धारणाहरू जीवनका मार्मिक अनुभव, प्रेमको मधुर कल्पना अनि समाजलाई एकसूत्रमा बाँध्ने लालसाको भावनात्मक प्रतिफल फल हुन्छ।

शास्त्रीय नृत्यको अभिप्राय, शास्त्रसम्मत् नृत्य हो। लोकनृत्यको रंग शताब्दीऔंसम्म जस्ताको त्यस्तै रहे, तब विद्वानहरूले त्यो लोकनृत्य कलालाई नियमहरूको परिधिमा बाँधिदिए। त्यहीँदेखि त्यो लोकनृत्य शास्त्रीय नृत्यको नामले अप्राइयो। कुनैपनि कला शास्त्रीय तब हुन्छ, जब परिमार्जित स्वरूप ग्रहण गर्छ र त्यसको विधिवत परिभाषाहरूमा व्याख्या गरिन्छ। भारतमा अनेक प्रकारका शास्त्रीय नृत्यहरू छन्। जस्तै - भरत नाट्यम्, कत्थक, कथकली, मणिपुरी, ओडिसी, कुचिपड़ी, मोहिनी अटम इत्यादि। यी सबै नृत्यका शैलीहरू वास्तवमा त्यसै प्रदेशहरूका लोक नृत्यहरूका शैलीहरू रहेर आएका छन्। तर शास्त्रीय तत्त्वहरूको समावेश तथा परिष्कारको कारण त्यसलाई शास्त्रीय नृत्यशैलीको प्रतिष्ठा प्राप्त भएको हो।

नृत्यका उपर्युक्त दुई रूप अनादिकालदेखि चलेर आएको छ। उपर्युक्त दुई प्रकारका नृत्यहरूमा जहाँ कतिवटा कुराहरू समानता हुन्छ भने केही भिन्नताहरू पनि हुन्छन्। लोकनृत्य एक प्राचीन नृत्यकला हो। यसको पूर्व कुनैपनि अन्य नृत्यको उल्लेख पाइँदैन। शास्त्रीय नृत्य जसको उद्भव लोकनृत्यपश्चात भएको हो। त्यसैले शास्त्रीय नृत्य लोकनृत्य जतिको प्राचीन होइन। लोकनृत्य शास्त्रीय बन्धनहरूबाट सर्वधा मुक्त हुन्छ। यसमा नियमहरू र शास्त्रको परिधि हुँदैन। भाषाहरूको सरतम् एवं मधुरतम् अभिव्यक्ति नै लोकनृत्यको विशेषता हुन्छ। शास्त्रीय नृत्य शास्त्रको बन्धनमा बाँधिएको हुन्छ।

क) लोक नृत्यले के दर्शाउँछ? 2
ख) कुनै पनि कलालाई कतिबेला मात्र शास्त्रीय भनी मान्न सकिन्छ? 2
ग) कुनै चारवटा शास्त्रीय नृत्यको नाम लेख्नुहोस्। 2
घ) 'लोकनृत्य सामाजिक सम्बन्धको नृत्यमय इतिहास हो।' किन भनिएको छ? 2
ङ) प्रचीन नृत्यकला कुन हो? 2

**आ) निम्न लिखित पद्य पढ़ेर सोधएका प्रश्नहरूका उत्तर लेख्नुहोस।**

मूल फुट्दै नफुटी
बर्खायाम बितिसक्यो अब।

कस्सिएर भित्र-भित्रै गाँठो परेका पीड़ाहरू
फुटेर स्वतन्त्र पोखिन
धेरै लामो पर्खाई थियो असार-साउनको
तर आशाको साउन मर्नै लाग्दा पनि
मूल फुट्न सकेन।

पानी पर्नभन्दा बेसी

पसिना झर्दैछ।
पानी त पर्छ अचेल
टि.भी.को सिरियलको बीच-बीचमा विज्ञापन जस्तो।
खोलाहरूमा पानी यस पालि
कुनै उत्साह देखिएन।
कुनै हुङ्कार सुनिएन।
दैनिक रूटिन झैं बगिरहेछन् यी खोलाहरू।

क) उक्त पद्यांशमा 'मूल फुट्न सकेन' भनेको के हो? 1
ख) परेको पानीलाई केसित दाँजेका छन्? 1
ग) कति खोलाहरूमा के के देख्न र सुन्न पाइएन भन्छन्? 1
घ) असार-साउनमा साधारणत के हुने गर्छ? 1
ङ) पींडा शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस्। 1

## खण्ड - दुइ (व्याकरण एवं अनुवाद)

2. क) तलका विविध शब्दहरूबाट सोधिए बमोजिम उत्तर लेख्नुहोस् -

i) दुइ-दुइवटा अनेकार्थक शब्द लेख्नुहोस्। **(कुनै दुइ)** 2
मास, कर, साँचो

ii) दुइ-दुइवटा पर्यायवाची शब्द लेख्नुहोस्। **(कुनै दुइ)** 2
कोमल, गोड़ा, सामान्य

iii) शुद्ध गरेर लेख्नुहोस्। 2
गणेशको आमाको दाज्यू मेरो बाबु हो।
मोटो मानिसहरू दगुर्न सक्दैन।

iv) निर्देशअनुसार तलका वाक्यलाई परिवर्तन् गर्नुहोस् - 2
भाइ आयो, खोला बढ्यो **(संयुक्त वाक्यमा)**
बाबा आउनुभयो, तब नानीहरू रमाउँन थाले। **(सरल वाक्यमा)**

v) निम्न वाग्धारालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् - **(कुनै दुइ)** 2
छाती फुलाउनु
उड़ेको चरा समाउनु
कुरा खानु

vi) पछिल्लो भाग वा उत्तरपद प्रधान हुने समासको नाम लेख्नुहोस्? 1
vii) 'देखि, दोखिन्, बाट' कुन कारकको विभक्तिका चिन्हहरू हुन्? 1
viii) सार शब्द लेख्नुहोस्। **(कुनै दुइ) -** 1/2x2=1
चालीस वर्षमा लागेको -
दिनको एक भाग -
अर्काको उपकार गर्ने -

ix) भिन्नार्थक शब्द लेख्नुहोस्। **(कुनै एक जोडी) -** 1/2x2=1
खात – खाट, उपेक्षित – अपेक्षित

x) विपरीतार्थक शब्द लेख्नुहोस्। **(कुनै दुइ) -** 1/2x2=1

नित्य, जय, प्रशंसा

## खण्ड – तीन (लेखाई कौशल)

3.क) कुनै एक विषयमाथि 250 शब्दसम्मको निबन्ध लेख्नुहोस् - **12**

**i) बालश्रम**

**ii) आफनो गाउँ आफै बनाउ**

ख) आफू डाक्टर बन्ने सपनालाई साकार तुल्याउन छात्रवासमा डटेर पढ़िरहेको जनाउँदै आफ्नो अभिभावकलाई एउटा पत्र लेख्नुहोस् - **8**

ग) नेपालीमा अनुवाद गर्नुहोस् - **5**

**Once open a time there was a miller who had three sons. When he died his belongings were divided between them. The first son had mill, the second son the donkey but the third son only got the miller's cat.**

## खण्ड - चार (गद्य एवं पद्य साहित्य)

**4. निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस् -**

क) 'सोझा' कथामा सीधा-सोझोलाई किन दानवका बाबु भनिएको छ? **2**

ख) पठित पाठको आधारमा सही उत्तर चुनेर खाली ठाउँ भर्नुहोस् - **1/2x4=2**

i) यो मनले जो मान्यो त्यही ............ । **(सत्य/ यथार्थ/ साँचो/ वास्तविक)**

ii) छोरा, पृथ्वीको ....... विरोध पराजित गरेर स्थिति र समयलाई अनुकूल ल्याएकी छु।
**(सबै/तमाम/ सारा/ समस्त)**

iii) यस्तो छुसी जिन्दगी बिताउनुभन्दा ............ घसेर हिँड्नु जाती। **(पीठो/ धूलो/ मोसो/ खरानी)**

iv) रातभरी हुरी चल्यो कथाका कथाकार ................हुन्। **(शिवकुमार राई/ गुमानसिहँ चामलिङ/ इन्द्रबहादुर राई/ असित राई)**

ग) **'जति नै मायाले पनि यो मन भरिँदैन।'**

i)उक्त वाक्य कसले कसलाई भनेका हुन्? **1**

ii) पाठ र लेखनको नाम लेख्नुहोस्। **1**

घ) 'रातभरी हुरी चल्यो' कथामा कुन विषयलाई दर्शाएको छ? **1**

ङ) पी. वी. गुरूङकी पत्नीको मृत्यु कसरी भयो? **1**

**5. क) संक्षेपमा व्याख्या गर्नुहोस् -** **2**

फुर्सद छ, घुम्न निस्किन्छु
कि त सुतिरहन्छु, सुतेर हाइ गर्छु,
के के सम्झिन्छु। के के के के गर्छु बरू,
इस् पढ़्छु तेरो कविता।

**ख) छोटो उत्तर लेख्नुहोस् -**

i) 'यात्री' कवितामा 'यात्री' कसलाई भनिएको छ? **1**

ii) 'आकाशका तारा के तारा' नामक कवितामा कविज्यूले पृथ्वीका ताराहरू भनेर कस-कसलाई पुकारेका छन्? **1**

iii) 'सहीदगरूका सम्झानामा' कवितानुसार मुलुक कसरी बन्न सक्छ? **1**

iv) 'यात्री' कवितामा 'ज्योति हिरण्यमय' केलाई भनिएको छ? **1**
v) 'इस् पढ्छु तेरो कविता' -का कवि को हुन्? **1**
vi) सत्य-सन्देश कवितानुसार यो ब्रम्हाण्ड कतिबेला हलुङ्गो हुन्छ? **1**

**6. निम्न प्रश्नहरूका छोटो उत्तर लेख्नुहोस् -**
क) ऐते पाइलट को थियो? **1**
ख) 'टोटलाको फूल' कस्तो फूल हो? **1**
ग) परिबन्दले फँसेको रनेलाई कुन एउटा कारणले सन्तोक दियो? **1**
घ) लक्ष्मीको विचारअनुसार मानिसलाई राम्रो देखिने गुणहरू के के हुन्? **1**
ङ) 'हवल्दार' कथामा कथाकार र उनका साथीहरू कहाँबाट कहाँ जाँदैथिए? **1**

**7. कुनै चार प्रश्नहरूका छोटा उत्तर लेख्नुहोस् - 1x4=4**
क) शिवकुमार राईको जन्म कहाँ र कहिले भएको थियो?
ख) अपतन साहित्यिक संस्थाका कुनै दुइ संस्थापकका नाम लेख्नुहोस्
ग) डा. घनश्याम नेपालका कुनै दुइ कृतिहरूका नाम लेख्नुहोस्
घ) मनबहादुर मुखियाको पहिलो एकाङ्की कुन हो?
ङ) शिवकुमार राईको कुन कृतिले साहित्य अकादमी पुरस्कार प्राप्त भयो?